## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०१/०७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | • प्रतिवादीहरु गा.वि.स. ब्रहमपुर सप्तरीका तत्कालिन गा.वि.स. सचिव हाल जिल्ला विकास समितिको कार्यालय सप्तरीमा काजमा रहेका देवनारायण साह समेत ३ जना मु.नं (०८१-CR-००९६) फैसला मिति २०८२/०८/०१ | भ्रष्टाचार (अनियमितता) | **आयोगको माग दावी**<br>• **प्रतिवादी गा.वि.स. ब्रहमपुरका तत्कालिन गा.वि.स. सचिव देव नारायण साह**लाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु. १,२८,०००।-(अक्षेरुपी एकलाख अठ्ठाइस हजार) कायम गरि सोही ऐनको दफा १७ तथा दफा ३(१) र दफा ३(१) को खण्ड (घ) बमोजिम सजाय हुन, **प्रतिवादी गा.वि.स. ब्रहमपुरका प्राविधिक सहायक हंसराज यादव**लाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसुर बिगो रु. ३०,०००।-(अक्षेरुपी तीस हजार) कायम गरि सोही ऐनको दफा १७ तथा दफा ३(१) र दफा ३(१) को खण्ड (ख) बमोजिम सजाय हुन, **प्रतिवादी गा.वि.स. ब्रहमपुरका मुखिया राम सेवक मण्डल**लाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु. २०,०००।-(अक्षेरुपी विस हजार) कायम गरि सोही ऐनको दफा १७ तथा दफा ३(१) र दफा ३(१) को खण्ड (क) बमोजिम सजाय हुन र **प्रतिवादी गा.वि.स. ब्रहमपुरका खरिदार धर्म नारायण यादव**लाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.६,०००।-(अक्षेरुपी छ हजार) कायम गरि सोही ऐनको दफा १७ तथा दफा ३(१) र दफा ३(१) को खण्ड (क) बमोजिम हुन मागदाबी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• प्रतिवादी देवनारायण साहले सामाजिक सुरक्षा भत्ता वापतको रकम सम्बन्धित व्यक्तिहरुलाई वितरण गर्दा उमेर नपुगेका र मृत्यु भइसकेका व्यक्तिहरु समेतका नाममा भुक्तानी गरेको देखाई जम्मा रु.९४,०००/-(चौरानब्बे हजार रुपैयाँ) बराबरको रकम हिनामिना गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसूर गरेको ठहर्नाले निज प्रतिवादी देवनारायण साहलाई सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम चार (४) महिना कैद र हिनामिना गरेको बिगो रकम रु. ९४,०००/- (चौरानब्बे हजार रुपैयाँ) जरिवाना हुने ठहर्छ साथै उक्त हिनामिना भएको बिगो रु. | **फैसलाः**<br>प्रतिवादीलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• गैर कानूनी तवरले वितरण भएको सामाजिक सुरक्षा भत्ता वापतको रकम रु.१,२८,०००/-(एक लाख अठ्ठाइस हजार रुपैयाँ) मध्येको रु. ३४,०००।— प्रतिवादी देवनारायण साहले जि.वि.स.सप्तरीको खातामा जम्मा गरेको देखिंदा बाँकी रकम रु. ९४,०००/-(चौरानब्बे हजार रुपैयाँ) हिनामिना गरेको देखिएको।<br>• अन्य प्रतिवादीहरु हंशराज यादव, रामसेवक मण्डल र धर्मनारायण यादवले कसुरमा इन्कार रही बयान गरेको र आरोपदावी बमोजिमको रकम हिनामिना गरेको कुरा मिसिल संलग्न प्रमाणहरुबाट पुष्टि हुन नसकेको। | • **जिल्ला सप्तरी ब्रहमपुर गा.बि.स.का तत्कालिन सचिव देब नारायण साहको हकमा हेर्दाः-** जिल्ला सप्तरी ब्रहमपुर गा.बि.स.का तत्कालिन सचिव देब नारायण साह समेतले सामाजिक सुरक्षा भत्ता वितरणमा रकम हिनामिना गरी भ्रष्टाचार गरेको एवंम् विभिन्न शिर्षकको रकम समेत अनियमितता गरेको भन्ने समेत व्यहोराको उजुरीबाट अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा उक्त ब्रहमपुर गा.बि.स.का तत्कालिन सचिव प्रतिवादी देवनारायण साहले आ.व. २०६९/०७० को (मिति २०७०।०२।०५ देखि २०७०।०३।२६ सम्म उक्त पालिकामा कार्यरत रहदाँ) सामाजिक सुरक्षा भत्ता वापतको दोस्रो किस्ताको रु.७,५०, ०००।- मध्ये उमेर नपुगेका नागरिकहरुलाई वितरण गरेको भनि रु. १२०००।—, दोहोरो नामावली उल्लेख गरि लिएको र अनुसन्धानको क्रममा वुझिएका मानिसहरुले आफुले रकम नलिएकोभनि उल्लेख गरेको व्यक्तिको नामको रु.५२०००।-, मृतकका नाममा लिएको रु.३६०००।- वडा ईलाकामा नभएका दलित वालवालिका समेतको नाम उल्लेख गरि लिएको रु २८०००।— गरि जम्मा रु १,२८०००।- सम्वन्धित ब्यक्तिलाई वितरण नगरि गा.वि.स. कार्यालयबाट निकासा लिई खाई आफुलाई फाइदा र नेपाल सरकारलाई हानी नोक्सानी पुर्याउने कार्य गरेको तथ्य स्थापित भई रहेको अवस्थामा निजलाई भ्रष्टाचार निवारण ऐन २०५९ बमोजिम कैद र जरिवनाको सजाय गर्ने प्रयोजनको लागी निजले नोक्सानी पुर्याएको जम्मा विगो रु १,२८,०००।— कै आधारमा सजाय गर्नु पर्नेमा निजले बदनियतपुर्वक लिए खाएको नोक्सानी पुर्याएको विगो रकम मध्ये रु.३४,०००।- रकम निज प्रतिवादीले जि.वि.स. सप्तरीको खातामा पछीवाट जम्मा गरेको देखिएको भन्ने मात्र आधारमा उक्त रकम घटाई हुन आउने रु. ९४,०००/-(चौरानब्बे हजार रुपैयाँ) को आधारमा निज प्रतिवादी कम कैद र जरिवाना गर्ने गरि विशेष अदालतवाट भएको फैसला ने.का.प.२०७७, अंक १, नि.नं.१०४१५ मा प्रतिपादित "कसुर गरेको समयमा कसुरदारले गरेको कार्यबाट नै फौजदारी दायित्व बहन गर्नुपर्ने हुन्छ।कसुर गरेको भनी लगाइएको अभियोग दाबी प्रमाणबाट समर्थित भइसकेपछि तिर्नुपर्ने रकमको दायित्व बहन गरिरहेको छु भनी हानी नोक्सानी भएको बिगोसम्म दाखिल गर्ने प्रयोजनका लागि भएका कार्यहरूबाट फौजदारी दायित्वबाट उन्मुक्ति प्राप्त नहुने" सिद्धान्त समेतको आधारमा यि प्रतिवादी देवनारायण साहलाई निजले हानी नोक्सानी गरेकै विगो रु १,२८,०००।—कै आधारमा कैद र जरिवाना सजाय हुनु पर्नेमा प्रतिवादीवाट भराउनु पर्ने केही रकम असुलउपर भए कै आधारमा कम सजाय हुने ठहर गरी भएको फैसला त्रुटि पूर्ण देखिदा बदर भागी छ।<br>• **प्रतिवादीहरु रामसेवक मण्डल र धर्मनारायण यादवको हकमा हेर्दाः-** निज प्रतिवादीहरुले ब्रहमपुर गा.वि.स.को आ.व. २०६९/०७० को पहिलो किस्ताको सामाजिक सुरक्षा भत्ता वापतको रकम वितरणमा मृत्यु भएका व्यक्तिको नाममा र दोहोरो नामावली उल्लेख गरी क्रमशः रु.२०,०००।—र रु.६,०००।— सम्बन्धित व्यक्तिहरुलाई वितरण नगरी ब्रहमपुर गा.वि.स.बाट रकम निकासा लिई खाई मासी नोक्सानी पुर्याएको तथ्य मिसिल संलग्न जि.वि.स.सप्तरीका सामाजिक परिचालक राज कुमार मण्डल समेतको छानविन प्रतिवेदन, कार्यक्रम अधिकृत नबराज खढ्का समेतको प्रतिवेदन, स्थलगत निरिक्षण प्रतिवेदन, तथा गा.वि.स. ब्रहमपुरबाट प्राप्त पत्र समेतबाट पुष्टि भई रहेको देखिन्छ भने निज प्रतिवेदक साक्षीहरु नवराज खड्का, राजकुमार मण्डल, श्रीनारायण यादव, निर्मला कुमारी यादव, सत्यन्द्र कुमार सिंह, रामनारायण यादव र हेमनारायण यादव समेतले अदालत उपस्थित भई प्रतिवेदन व्यहोरालाई समर्थन हुने बकपत्र समेत गरेको देखिंदा उक्त बकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणको रुपमा ग्रहणगरी यि प्रतिवादीद्धयलाई आरोप दाबी बमोजिम सजाय गर्नु पर्नेमा उक्त प्रमाणहरुलाई नजर अन्दाज गरी यि प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला प्रमाण मुल्यांकनको रोहमा त्रुटिपूर्ण देखिंदा बदर भागी छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ९४,०००/-(चौरानब्बे हजार रुपैयाँ) सोही ऐनको दफा १७ बमोजिम निज प्रतिवादीबाट ब्रहमपुर गा.वि.स.लाई भराई दिने र अन्य प्रतिवादीहरु हंशराज यादव, रामसेवक मण्डल र धर्मनारायण यादवले आरोपदावी बमोजिमको कसूरबाट सफाई पाउने ठहर्छ भनी फैसला भएको अवस्था छ। | | • अतः माथि विवेचित आधार विशेष अदालत काठमाण्डौबाट प्रतिवादी देवनारायण साहलाई आरोपदावी भन्दा कम सजाय हुने ठहर गरी र अन्य प्रतिवादीहरु रामसेवक मण्डल र धर्मनारायण यादवलाई आरोप दावीबाट सफाई हुने ठहर गरी भएको उक्त फैसला बदर गरि निज प्रतिवादीहरु देवनारायण साह, रामसेवक मण्डल र धर्मनारायण यादवलाई आरोपदावी बमोजिम सजाय गरिपाउँन सादर अनुरोध छ। |